# वारागुङ मुक्तिक्षेत्र गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

प.सं. २०७६/७७ कागबेनी ,मुस्ताङ
च.नं. ६८३ गण्डकी प्रदेश,नेपाल

मिति-२०७६/१२/२१

बिषय-राहत वितरण सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै)
वारागुङ मुक्तिक्षेत्र गाउँपालिका ।

प्रस्तुत बिषयमा बिश्वब्यापी रुपमा फैलिएको कोभिड १९ को संक्रमणलाई नियन्त्रण गर्न नेपाल सरकारले घोषणा गरेको लकडाउनका कारण उत्पन्न परिस्थितिबाट प्रभावित हुन सक्ने बिभिन्न अनौपचारिक क्षेत्रमा कार्यरत **"दैनिक ज्यालादारीमा काम गर्ने श्रमिक बर्ग र असहाय/अशक्तहरुलाई वितरण गरिने राहत सम्बन्धी मापदण्ड,२०७६"** को दफा ३ मा उल्लेखित तपशिल बमोजिमका श्रमिक बर्ग र असहाय/अशक्तहरुलाई दैनिक जीवन यापनको लागि स्थानीय तहबाट राहत उपलब्ध गराउने प्रयोजनको लागि संलग्न ढांचाअनुसारको विवरण ३(तिन) दिनभित्र उपलब्ध गराउनुहुन अनुरोध छ ।

तपशिल:

क)पसलबाट ग्राहकको घरसम्म सामान ओसारप्रसार गर्ने श्रमिक,

ख)पर्यटक भरिया, निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने बाटोमा आवश्यक बस्तुहरु ओसार पसार गर्ने व्यक्ति ,

ग)ट्रक, ट्रिपर, भ्यान, ट्र्याक्टर तथा गोदामबाट सामान लोड अनलोड गर्ने श्रमिक,

घ)अन्य व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई,शिशु तथा जेष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति,

ङ)अन्य व्यक्तिको खेतबारी,नर्सरी तथा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर

च)गिटी कुट्ने, बालुवा चाल्ने तथा इट्टा भट्टामा काम गर्ने मजदुर,

छ)निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी,सिकर्मी,हेल्पर लगायतका मजदुर,

ज)नाङ्लो पसले, दैनिक रुपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेलागाडा तथा साइकलमा सामान बिक्री वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर,

झ)अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरीङ, गलैंचा, बुट्टा तथा जर्ती भर्ने, कपडा पसल तथा होटलमा दैनिक ज्यालामा काम गर्ने मजदुर

ञ) देहायका मजदुर

१. अन्य व्यक्तिको मालबाहक/यात्रुबाहक सवारी साधन तथा डेलिभरी भ्यान चलाउने सवारी चालक
२. रिक्सा तथा ठेलागाडा चालक
३. सवारी साधनको मर्मत सम्भार गर्ने,ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर

ट) दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति ।

(हस्ताक्षर) १२।२१

चिरन्जीवी बराल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नं.:९८५७६३६५५५ , इमेल : baragaunmuktichhetra@gmail.com , वेबसाइट :www.varagungumuktichhetramun.gov.np

अनुसूची-१ (दफा ३ सँग सम्बन्धित)

## अभिलेखको ढाँचा

**राहत प्राप्त गर्ने व्यक्तिको विवरण:**

१. नाम थर:

२. बावुको नाम:

३. बाजेको नाम

४. स्थायी ठेगाना:

५. हालको ठेगाना:

६. टेलिफोन वा मोबाइल नम्बर (भएमा):

७. दैनिक ज्यालादारीमा कार्यरत स्थान:

८. गर्ने गरेको कामको विवरण:

९. पेश गरेको कागजातको विवरण: (कम्तीमा कुनै एक कागजात संलग्न गर्नुपर्ने)

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा

ख. गरिब घर परिवार परिचयपत्रको प्रतिलिपि वा

ग. सवारी चालक अनुमतिपत्रको प्रतिलिपि वा

घ. विदेशी श्रमिकको हकमा काममा लगाउने व्यक्तिको सिफारिस

ङ. अन्य:

९. राहत लिने व्यक्तिको स्व:घोषणा: म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठीक साँचो हो। व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदक:**

दस्तखत:
मिति:

औंठाको छाप दस्तखत:

| बायाँ | दायाँ |
| --- | --- |
| | |

सिफारिस गर्ने पदाधिकारी:

दस्तखतः

नाम:

पद:

मिति:

स्थानीय तहको नाम :

वडा नं.: